**निर्णय न १:**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद (३) दफा ११ ज(१४) को आधारभूत तहको परीक्षा संचालन अनुगमन तथा व्यवस्थापन कार्यलाई कार्यान्वयन गर्नका लागि यस नगरपालीकाको सामाजिक विकास समिती बाट तयार भै आएको **आधारभूत तह शिक्षा परीक्षा संचालन,अनुगमन तथा व्यवस्थापन निर्देशिका (२०७४)** लाई स्विकृत गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय न २:**

वीरेन्द्रनगर नगरपालिका मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रिय सदरमुकाम एंव ६ नम्वर प्रदेशको प्रस्तावित राजधानीका रुपमा रहेको सन्दर्भमा बढ्दो शहरीकरण सँगसँगै यस नगरपालिकामा जथाभावी फोहर फाल्ने तथा सडक फुट्पाथ एंव सार्वजनिक क्षेत्रमा अतिक्रमण गरि व्यापार व्यवसाय गर्नेहरुले नगरको स्वस्थता एंव सौन्द्धर्यता माथी नै चुनौती श्रृजना गरेकाले सोको नियन्त्रण एंव नियमनको लागि नगरकार्यपालीका कार्यालय बाट तयार गरिएको **बजार एंव शहर व्यवस्थापन अभियान २०७४ संचालन अवधारणा पत्र** लाई स्विकृत गरि लागू गर्ने निर्णय गरियो ।

**निर्णय न ३:**

बसपार्क निर्माणका लागी नगरविकास कोष सँग लिएको ऋणको साँवा तथा ब्याज भुक्तानीका लागी नगर सभाबाट रकम विनियोजन गर्न बाँकि रहेकाले चालु आ.व.मा नगरसभा बाट पारित विनियोजित विविध शिर्षक बाट रु.४० लाख विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न ४:**

संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.न.२७४,मिती २०७४।०८।२२ को स्थानीय तहको वडा खाता संचालन तथा अख्तियारीको द्विविधा बारे स्पष्ट पारिएको परिपत्र यस कार्यपालीका समक्ष प्रस्तुत भई व्यापक छलफल भयो । यस सम्बन्धमा रु.५ लाख सम्मको वडा तहबाट विनियोजित योजनाहरुको हकमा कार्यपालीकाको मिती २०७४।०६।०६ गतेको निर्णय न. २ बमोजिम नै संचालन गर्ने निर्णय गरियो ।

**निर्णय न ५:**

यस नगरपालीकाको नगरसभाबाट बजेट विनियोजन गर्दा कृषि,पशु,भुसंरक्षण लगायतका क्षेत्रगत योजना तथा कार्यक्रमहरुको बजेट नेपाल सरकारबाट प्राप्त वित्तिय सामान्नीकरण शिर्षकमा समावेश भै आएकोमा अलग विनियोजन हुन छुट भएको तर कार्यक्रमहरु तत्काल संचालन गर्नुपर्ने भएकाले तपसिलका बजेट शिर्षकबाट खर्च लेख्ने गरि कार्यक्रम स्विकृत गर्ने निर्णय गरियो ।

**निम्न**

| **क.स** | **कार्यक्रमको क्षेत्र** | **विनियोजन हुन छुट रकम** | **खर्च स्रोत** | **रकम** |
|---|---|---|---|---|
| १ | कृषि | १२५४२००० | वित्तिय सामान्नीकरण तर्फ विनियोजित खर्च शिर्षकबाट | ५८१७७५४० |
| २ | सिमान्तकृत महिला उन्मुख कार्यक्रम ३ वटा | ६००००० | | |
| ३ | बिउमा आत्मनिर्भर कार्यक्रम ३ वटा | ४५०००० | | |
| ४ | एक गाउ एक पहिचान कार्यक्रम ३ वटा | ४५०००० | | |
| ५ | गुम्बा विकास समितीको कार्यक्रम | ९३०००० | | |
| ६ | भेटनेरी | ६५००५४० | | |
| ७ | भु:संरक्षण | १०९५००० | | |
| ८ | स्वास्थ्य | ३२९१०००० | | |
| ९ | अनमि तलब | ५००००० | | |
| १० | औषधी खरिद | १५००००० | | |
| ११ | स्वास्थ्य प्रर्वद्धन,शिविर | ५००००० | | |
| १२ | मासिक समिक्षा तथा अनुगमन | २००००० | | |
| | **जम्मा** | **५८१७७५४०** | | **५८१७७५४०** |

**निर्णय न ६:**

यस नगरकार्यपालीकाको कार्यालयमा विभिन्न कार्यसम्पादनका क्रममा खर्च गरिने खाना,खाजा तथा वैठक भत्ता रकम देहाय बमोजिम तोक्ने र सशर्त अनुदान बाट संचालीत कार्यक्रममा सोही कार्यक्रममा तोकिए बमोजिम हुने निर्णय गरियो ।

**निम्न**

(क) बैठक भत्ता दर बैठक रु.१०००।

(ख) खाना खर्च

- खाना मासु रु.३००। सम्म
- सादा खाना रु.२००। सम्म

(ग) खाजा खर्च

- दिनभरको तालिम,गोष्ठी,कार्यपालीका,विषयगत समिती बैठक रु.२००। सम्म ।
- छोटो अवधिको अन्य बैठक रु.५०।

(घ) सहजिकरण खर्च

नगरस्तरको कार्यक्रममा प्रति सेसन पदाधिकारी,अधिकृत स्तर रु.१५००। र सहायक स्तर रु.१०००।

वडा तहको कार्यक्रममा प्रति सेसन पदाधिकारी,अधिकृत स्तर रु.१०००। र सहायक स्तर रु.७००।

(ङ) स्टेशनरी खर्च नगर तहमा रु.१००। सम्म र वडा तहमा रु.५०। सम्म ।

(च) सहयोगी भत्ता

नगरमा रु.५००।

वडामा रु.३००।

**निर्णय न ७:**

यस नगरका प्रमुख,उपप्रमुख,वडा अध्यक्ष तथा कार्यपालीका सदस्य र वडा समितीका सदस्य ज्युहरुलाई सरकारी काममा खटेको समयमा निम्नानुसार दरमा दैनिक भ्रमण भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निम्न**

१.प्रमुख,उपप्रमुख रु.२०००।

२.वडा अध्यक्ष,कार्यपालीका सदस्य रु.१६००।

३.वडा सदस्य रु.१२००।

**निर्णय न ८:**

यस नगरपालीकामा विभिन्न शैक्षिक संस्थाहरुबाट OJT गर्नका लागी पुर्व स्विकृती लिई आउनुहुने प्रति प्रशिक्षार्थीहरुबाट मासिक रु.१५००(एक हजार पाँच सय मात्र ।) का दरले शुल्क लिने निर्णय गरियो ।

**निर्णय न ९:**

यस नगर क्षेत्र भित्र रत्न राजमार्ग निर्माणका क्रममा जनस्वास्थ्यलाई वेवास्ता गरी निर्माण कार्य भैरहेको अवस्थामा स्थानीयवासीबाट यथाशिघ्र धुलो नियन्त्रण गरी सडक निर्माण गर्न अनुरोध भै आएको सन्दर्भमा यस नगरपालीकाले त्यस आयोजना अनुगमन कार्यालयलाई  जनस्वास्थ्यलाई विशेष ख्याल गर्दै धुलो नियन्त्रण गरि आयोजना संचालन गर्न ध्यानाकर्षण गराउने निर्णय गरियो ।